# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, पुस १७ गते २०५८ साल (अतिरिक्तांक ६२ (ख)

## भाग ३

श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५१, अतिरिक्तांक ५६ (क), मिति २०५८ पुस १७ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको प्रकरण १३ र प्रकरण १६ को खण्ड (ख) र (झ) को सट्टा देहायको प्रकरण १३ र प्रकरण १६ को खण्ड (ख) र (झ) राख्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

"१३. तयारी पोशाकको कोटा अन्तर्गत सप टावेल र टेरी टावेल बाहेक अन्य वर्गमा एक पटकमा २००० (दुई हजार) दर्जनसम्मको भिसा उपलब्ध गराइने छ। यदि उक्त परिमाण भन्दा बढी भिसा आवश्यक परेमा तयारी पोशाक निर्यात प्रवर्द्धन समितिको निर्णयानुसार गठित साविकको उपसमितिले छानवीन गरी निर्णय गरे बमोजिम हुनेछ।

(ख) गत वर्ष सप टावेल निकासी गरेको मूल्यको आधारमा ८५ प्रतिशत र टेरी टावेल निकासी गरेको मूल्यको आधारमा कुल कोटाको ७० प्रतिशत परिमाण (PPEX (Pest Parformance Export) को आधारमा वितरण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिनेछ । टेरी टावेलतर्फ १५ प्रतिशत कोटा पहिला आउनेलाई पहिलो प्राथमिकताको आधारमा वितरण गरिनेछ । गत वर्ष निकासी गरेको मूल्यको आधारमा PPEX कोटा प्राप्त गरेको उद्योगले आफूले प्राप्त गरेको कोटा उपयोग गरिसकेपछि मात्र पहिलो प्राथमिकताको आधारमा वितरण गर्न छुट्याइएको कोटा उपयोग गर्न पाउनेछ ।

(झ) गत वर्ष निकासी गरेको PPEX को आधारमा कोटा प्राप्त गर्ने उद्योगको लागि सप टावेलको हकमा एक पटकमा २०,००० कि.ग्रा. भन्दा बढीको भिसा माग भएमा तयारी पोशाक निर्यात प्रवर्द्धन समितिले तोकेको उपसमितिले छानबीन गरी उपलब्ध गराउनेछ । तर सोको अधिकतम परिमाण ३०,००० कि.ग्रा. भन्दा बढी हुने छैन । उपर्युक्त PPEX र पहिलो प्राथमिकताका आधारमा कोटा प्राप्त गर्ने टेरी टावेलका हकमा एक पटकमा २,००,००० (दुई लाख) थानको भिसा उपलब्ध गराइनेछ । यदि २,००,००० (दुईलाख) थान भन्दा बढीको भिसा माग भएमा तयारी पोशाकको लागि माथि तोकिएको उपसमितिले छानबीन गरी उपलब्ध गराउनेछ । यूरोप निकासी हुने सप टावेलको हकमा एक पटकमा २०,००० कि.ग्रा. सम्म र टेरी टावेलको हकमा एक पटकमा २,००,००० (दुई लाख) थान भन्दा बढी वाणिज्य विभाग, उद्योग विभाग एवं तयारी पोशाक उद्योगसंघ वा नेपाल कटन टाबेल निर्यात संघका प्रतिनिधिहरूको साविक टोलीले निरीक्षण गरी निकासीको लागि उत्पत्ति प्रमाणपत्र जारी गर्नेछ ।"

आज्ञाले,
लवकुमार देवकोटा
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1108